# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission of Nepal

केन्द्रीय कार्यालय (Central Office)

हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


# प्रेस विज्ञप्ति

२३ माघ, २०७९

**जातीय भेदभाव तथा छुवाछूत घटनाका पीडितको न्यायमा पहुँच सुनिश्चित गर ।**

जातीय भेदभाव तथा छुवाछूतविरुद्ध भइरहेका घटना सम्बन्धमा समयमै प्रभावकारी अनुसन्धान हुन नसक्दा न्याय प्राप्त गर्ने अधिकारबाट पीडितहरु वञ्चित हुनुपरेको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

हालै रामेछाप जिल्ला लिखु तामाकोशी गाउँपालिका वडा नं. ५ का गणेश दमाई (परियार) को निर्मम कुटपिटबाट मृत्यु भएको भनिएको तथा जुम्ला जिल्ला सिंजा गाउँपालिका वडा नं. २ घोडेङ्गका एक व्यक्तिले आफ्नो सामाजिक सञ्जालमा 'गाइ खाने डुम र म मह खाने वाहुन कदापी एउटै हुन सक्दैन' लेखेको भनिएको घटनाका दोषीलाई प्रभावकारी कानूनी कारबाहीको माग गर्दै आयोगमा ज्ञापन पत्र प्राप्त भएको छ । विगतमा समेत आयोगमा जातीय विभेद र छुवाछूतका घटनाबारेमा उजुरी र ज्ञापन पत्रहरु प्राप्त हुने गरेका छन् । फेसबुक, युट्युबजस्ता सामाजिक सञ्जालमा दलित समुदायका व्यक्तिहरुको मानमर्दन हुनेगरी गाली, गलौंज गर्ने, मानसिक तनाव दिने एवम् जातीय भेदभाव तथा छुवाछूतजन्य क्रियाकलापहरुलाई बढावा दिने खालका कार्यहरु हुने गरेको आयोगको अनुगमनबाट पाइएको छ । अनुगमनबाट प्राप्त तथ्यको आधारमा आयोगले पीडितको न्यायमा पहुँच सुनिश्चित गर्न पटक-पटक आह्वान गर्दै आएको छ ।

यस प्रकारका घटना एवम् गतिविधिहरु नेपालको संविधान २०७२ को धारा १६ बमोजिमको सम्मानपूर्वक बाँच्न पाउने हक, धारा २४ बमोजिमको छुवाछूत तथा भेदभाव विरुद्धको हक, धारा १८ को समानताको हक, धारा ४० को दलितको हक, जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८, मुलुकी अपराध संहिता, २०७४ तथा नेपाल पक्ष भएको सबै किसिमका जातीय छुवाछूत तथा भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ विपरीत छन् ।

अतः यस प्रकारका अमानवीय र आपराधिक घटनाको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानूनी दायरामा ल्याउन र पीडितको न्यायप्राप्तिको अधिकार सुनिश्चित गर्न आयोग तीनै तहका सरकार एवम् सबै सरोकारवालालाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal

Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org